# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

आठौं वार्षिक साधारण सभाको काम कारवाहिको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम संस्थाको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री विरेन्द्र प्रसाद महतोज्यूको अध्यक्षतामा भर्चुयल माध्यमबाट देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमनिर्णयपारितभयो ।

२. **सभाको मिति, स्थन र समय :**

मिति : २०७८ साल पौष महिना ३० गते (तदनुसार १४जनवरी २०२२, शुक्रवार) ।

स्थान : भर्चुयल माध्यमबाट

समय : विहान ११:०० बजे प्रारम्भ भई दिउँसो ३:०० बजे सम्म

३. **सभाको सूचना :**

कम्पनी ऐन,२०६३ को दफा ६७ बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभाको सूचना शेयधनीहरुलाई पठाउनुको साथै मिति २०७८/९/९ र २०७८/९/११को राष्ट्रिय दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीकोलागि प्रकाशित गरीएको थियो । साथै उपस्थित शेयरधनी महानुभावहरुलाई आर्थिक वर्ष २०७७/०७८ को वार्षिक लेखापरीक्षण प्रतिवेदन एवं आर्थिक वित्तीय विवरणहरु उपलब्ध गराईएको थियो ।

४. **छलफलको विषय :**

(क) सामान्य प्रस्तावहरु :

१. अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाकोलागि आर्थिक वर्ष २०७७/०७८को सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण तथा नगद प्रवाह विवरण र लेखा सम्वन्धी नीतिहरु सहितको तत् सम्वन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** बमोजिम समानान्तर रुपमा तयार गरिएको वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यकालागि संचालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम वर्तमान लेखापरीक्षक संस्था श्री जे.वि.आर.एच. एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स नियुक्त हुन योग्य रहेको ।)

४. सर्वसाधारण शेयरधनी समूहको तर्फवाट दुई जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्वन्धमा ।

(ख) विविध ।

५. उपस्थिति

५.१ सभामा भर्चुयल माध्यमबाट उपस्थित सञ्चालकहरु :

श्री डा.विरेन्द्र महतो - सञ्चालक अध्यक्ष

श्री गोरे शेर्पा- सञ्चालक-सदस्य

डा.तारा प्रसाद पोखरेल -सञ्चालक-सदस्य

श्री श्री बसन्तचन्द्र मरहठ्ठा-सञ्चालक-सदस्य

श्री श्रीमती फुल्मु शेर्पा-सञ्चालक-सदस्य

५.२ अन्य पदाधिकारीको उपस्थित

१. श्री विनय चिपालु - महाप्रवन्धक
२. श्री लुमिन ताम्राकार - कम्पनी सचिव
३. श्री कमल निरौला -(कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि)
४. श्री बद्री विशाल घिमिरे - अधिवक्ता कानूनी सल्लाहकार
५. श्री राजु कुमार सिवाकोटी - आर्थिक सल्लाहकार

५.३ शेयरधनीहरुको उपस्थित

१. स्वयम उपस्थित हुने शेयरधनीहरुको संख्या -
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या -
३. जम्मा उपस्थिति संख्या -

६. **गणपुरक संख्या(कम्पनी ऐन,२०६३ को दफा ७३ अनुरुप) शेयरधनीहरुको उपस्थित :**

| उपस्थिति | प्रतिनिधित्व | | प्रतिशत |
|---|---|---|---|
| | शेयरधनी | शेयरकित्ता | शेयर संख्या |
| स्वयं उपस्थिति | ३४ | २०६९६०० | ६० % |
| प्रोक्सी मार्फत | १८ | २०६९६० | ६ % |
| जम्मा उपस्थिति | ५२ | २२६,६६६० | ६६ % |

७. **सभाको वैधानिकता र सभाको अध्यक्षता**

७.१ कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३को उपदफा(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयधनीहरुको संख्या ५२. भएको र कुल बाँडफाँड भएको ३६,८१,४३० कित्ता शेयरको ६६.प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव श्रीमती लुमिन ताम्राकारले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कानून अनुसार सभा वैधानिक भएको जनाकारी गराउनु भयो ।

७.२ कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नु भयो, ११:०० बजे अध्यक्ष श्री डा.विरेन्द्र महतोज्यूको अध्यक्षतामा कम्पनीको आठौं वार्षिक साधारण सभा शुरु गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम कम्पनी सचिवले सभालाई सञ्चालन गर्नु भयो ।

८. **स्वागत मन्तव्य :**

कम्पनीका सञ्चालक सदस्य श्री गोरे शेर्पाज्यूले यस साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई स्वागत अभिवादन गर्दै कम्पनीको काम कारवाही तथा कम्पनीको भावी योजनाको सम्वन्धमा छोटकरीमा प्रकाश पार्दै आठौं

वार्षिक साधारण सभाको सफलताको लागि देखाउनु भएको अभिरुची सराहनीय भएको भन्दै स्वागत मन्तव्य दिनु भएको थियो ।

९. **आठौं वार्षिक प्रतिवेदनको प्रस्तुति :**

९.१ सभाको प्रारम्भको क्रममा आ.व. २०७७/०७८ को सञ्चालक समितिको लिखित प्रतिवेदन अध्यक्षज्यूले सभा समक्ष पढेर सुनाउनु भयो ।

९.२ तत्पश्चात आ. व. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गरीयो ।

१०. **छलफलका लागि आव्हान र सहभागी शेयरधनीहरु :**

१०.१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आयोजना निर्माणको प्रगति प्रतिवेदन तथा कम्पनीको आ.व.२०७७/०७८को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण उपर कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात शेयरधनी महानुभावहरुले कम्पनीको आयोजनाको वारेमा आर्थिक गतिविधिका वारेमा अगाडिका विभिन्न जिज्ञासा, सुझाव, अनुभव आदी छलफलको क्रममा उठाउनु भयो । त्यसरी सभामा उठेका जिज्ञासाहरुको सभाअध्यक्ष, तथा सम्वन्धित पदाधिकारीहरुले चित्तवुझ्दो जवाफ दिनु भएको थियो ।

११. **सभाको निर्णय :**

आजको सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको अमूल्य सुझाव, सल्लाहलाई कम्पनीले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिन सभाका अध्यक्ष श्री डा.विरेन्द्र महतोज्यूले सभा समक्ष अनुरोध गर्नु भयो ।

**१).अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाकोलागि आर्थिक वर्ष २०७७/०७८को सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको तर्फवाट आ.व. २०७७/०७८ को प्रतिवेदन अनुमोदनकालागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गऱ्यो ।

**२). लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाब विवरण तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम समानान्तर रुपमा तयार गरिएको वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।**

लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात, २०७७ साल श्रावण १ गतेदेखि २०७८ साल आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँट हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरु पारित गरियोस भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिवाट परित गर्ने निर्णय गऱ्यो ।

३) **कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यकालागि संचालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ. व. २०७८/०७९ को लागि लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमीक निर्धारण गरीयोस भनि सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले कम्पनीको लेखापरीक्षकमा श्री जे.वि.आर.एच. एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ती गर्ने र पारीश्रमिकको हकमा रु ७०,०००/- (अक्षरेपी सत्तरी हजार मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गर्ने निर्णय पारीत गर्‍यो ।

४) **सर्वसाधारण शेयरधनी समूहको तर्फबाट दुई जना सञ्चालकहरुको निवार्चन गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम कम्पनीका सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्दै ४(चार) वर्षको कार्यकालका लागि २(दुई) जना सञ्चालकहरु निर्वाचित भएसँगै कम्पनीको ७(सात) सदस्यीय सञ्चालक समितिले पुर्णता पाएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ताश्री बद्री विशाल घिमिरेले सभा समक्ष घोषणा गर्नु भएको थियो ।

<u>तपसिल</u>

१. श्री सुनिल कुमार पोखेल
२. श्री रघुनाथ कुँइकेल

१२. **कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम छलफल र निर्णय :**

कम्पनी ऐन २०६३ को दफा ७४ मा उल्लेख भए बमोजिम यस कम्पनीको आठौं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक अध्यक्ष डा. श्री विरेन्द्र प्रसाद महतोज्यूले गर्नु भएको र साधारण सभामा छलफल गरिने भनि सुचना गरीएको सबै विषयहरु प्रस्तावको रुपमा सभा समक्ष पेश गर्नु भएको र उक्त सर्म्पूण प्रस्तावहरु सभाले सर्वसम्मतिवाट पारित गरेको सभाका अध्यक्षज्यूले घोषणा गर्नु भयो ।

**<u>धन्यवाद ज्ञापन सभा विसर्जन</u> :**

सभा-अध्यक्षज्यूको सहमति वमोजिम कम्पनीका सञ्चालक सदस्य श्री बसन्त चन्द्र मरहट्टाज्यूले कम्पनीको वार्षिक साधारणसभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु भएकोमा सवै शेयरधनीहरु, सञ्चालक समितिका सहकर्मी सदस्यहरु, व्यवस्थापन तथा कर्मचारीहरु, आमन्त्रित व्यक्तिहरु, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो र नवनियुक्त सर्वसाधारण सञ्चालकलाई हार्दिक वधाई दिनुका साथै बहाँहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै आठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

.................................... ....................................

कम्पनी सचिव सभा-अध्यक्ष